# कटारी नगरपालिकाको
# ११ औ नगर सभामा प्रस्तुत नीति तथा कार्यक्रम
# आर्थिक वर्ष २०८०/८१

"सुन्दर कटारी नगरको पहिचान,
सुशासन र समृद्धि हाम्रो अभियान ।"

भन्ने नाराको साथ सुरू भएको यस कटारी नगरपालिकाको ११ औ नगर सभाका सभाध्यक्ष ज्यू,
आदरणीय नगर  सभाका सबै सदस्यज्यूहरू,
कटारी नगरपालिकाको प्रमखु प्रशासकीय अधिकृतज्यू,
सबै शाखाका शाखा प्रमुख तथा कर्मचारी वर्ग,
सबै पत्रकारज्यूहरू

वि.स.२०७९/०१/३० गते भएको स्थानिय  तहको निर्वाचनवाट निर्वाचित हामी यस कटारी नगरको जनप्रतिनिधीहरूको यो पहिलो वर्ष समाप्त भई दोस्रो वर्ष प्रबेशको सघांरमा छौँ । वजेट निर्माणको शिलशिलामा आज यस गरिमामय एघारौँ नगर सभामा तपाई सम्पुर्ण वीचमा उभिएर यो नीति वजेट तथा कार्यक्रम प्रस्तुति गर्न पाउँदा मलाई गर्वको अनुभुति भई रहेको छ । यस अवसरमा सर्व प्रथम नेपाल राष्ट्रको रक्षा र अग्रमनका लागी, देश र जनताका लागी सघर्षको विभिन्न काल खण्डमा सहादत्त प्राप्त गर्नु हुने सम्पुर्ण ज्ञातअज्ञात सहिदहरूप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

भौगोलिक विविधता भएको हाम्रो यस कटारी नगरको उत्तर तर्फ अग्ला अग्ला पहाड र दक्षिण तर्फ समथर भु–भाग रहेको यस कटारी नगरको पुण्य भुमिमा हाम्रो दोस्रो वर्षे नीति वजेट तथा योजना कार्यक्रमले हाम्रा नगरको आम जनताहरू सम्पुर्ण आमा, बुवा, दाजु भाई, दिदी वहिनीहरूको चाहना, आवश्यक्ता अनुरूप हामि जनप्रतिनिधीहरूले थोरै भएपनि ईट्टा थप्ने प्रयास गरेका छौं ।

हाम्रो यस नगरमा आवश्यत्ताहरू असिमित रहेका छन् । ती आवश्यत्ताहरू पुरा गर्न वजेटको कमि भई नै रह्यो । यस्को मुख्य कारण भनेको कोभिड–१९ र तत्पश्चात अहिले विश्वमै भई रहेको आर्थिक मन्दी पनि एक मुख्य कारण हो । तथापी दक्ष जनशक्ति निर्माण गर्ने प्रयास भईरहेको छ। सवै जनतालाई आत्मनिर्भर,सिप, र दक्ष ज्ञान क्षमता वढाँउन हाम्रो कोशिश जारी हुदाँ हुदैँ पनि पुर्ण हुन नसकेको विद्यमान अवस्थामा शिक्षा, स्वास्थ, कृषि, खानेपानीमा सवलिकरण र पुर्वधार निर्माण लगाएतका क्षेत्र तर्फको विकास विस्तारले गति लिदै गन्तव्यमा पुग्न प्रयासरत छौ । साथै देशको मुल कानून संविधानले अत्मसाथ गरेका हक अधिकारको प्रत्याभुति गर्न हामि तल्लीन रहेका छौ ।

आदरणिय नगर सभाका सदस्यज्यूहरू,

यस नगर सभाबाट विनियोजित रकमबाट नगरका सम्पुर्ण नगरवासी महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, दलित, जनजाति, अल्पसंख्यक,सिमान्तकृत, लोपउन्मुख, र फरक क्षमताभएका व्यक्तिहरूलाई कुनै न कुनै माध्यमबाट यस नीति बजेट तथा कार्यक्रममा सम्बोदन गरिने छ यसको साथै नेपाल

सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा जारी गरेका प्रतिवद्धता र दिगो विकासका लक्षहरूलाई समेत बजेटमा समावेस गरिएको छ ।

यस नगरपालिकाको विकास निर्माणको कार्यहरूलाई गुणस्तरीय बनाउन नगर भित्रका आम उपभोक्ताहरू, उद्योग व्यवसायिहरू, टोल विकास संस्था, पत्रकार, सर्वसाधारण जनता लगाएत सामाजिक संस्थाहरूको निरन्तर सहयोग हुदै आएको छ । सुशासन र विकासको लागि जनप्रतिनिधिहरूले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने र प्रशासनिक संयन्त्रले यसलाई प्राविधिक तथा कानूनी ढाचाभित्र आवद्ध गरी प्रभावकारी कार्यान्वयन गरी संमृद्ध नगर निमार्णमा हामी निरन्तर लागेका छौ ।

जनप्रतिनिधिहरु जनताको अपेक्षा पूरा गर्न विभिन्न राजनैतिक दलवाट प्रतिनिधित्व भए पनि विकासका लागि एकढिक्का भएर अगाडि बढेका छौ । समृद्ध नगर हाम्रो सपना हो, यसमा सबैको साथको आवश्यकता छ । जनताको सामु बाचा गरेको कुरा र राजनीतिक पार्टीहरु, नागरिक समाज, बौद्धिक वर्ग, कृषक, सेवाग्राही जनताहरुको भावना बुझेर नगरपालिकाले तदनुरुपका कृयाकलाय संचालन गर्दै आइरहेको छ । कार्यालयको भौतिक अवस्था सुधार गर्नका निम्ति वर्षौ देखि अलपत्र रहेको कटारी नगरपालिका वडा नं. ४ स्थित नगरपालिको प्रकासकीय भवनलाई पुर्णता दिने कार्यको थालनी भएको छ ।

सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई नेपाल सरकारको चाहना अनुसार वैंङ्किक सिस्टममा लगेका छौ । सामाजिक सुरक्षा भत्ताको अपव्यय हुन नदिन कडाईका साथ प्रकृया अगाडि बढाएका छौ । न्यायीक समितिलाई चुस्त दुरुस्त बनाई न्याय सम्पादनमा सुधार गर्न मेलमिलापकर्ता प्रत्येक वडावाट छनौट गरी तालिम समेत दिईसकिएको छ ।

शिक्षा क्षेत्रको सुधारको निम्ति नगरपालिका भित्रका सामूदायिक विद्यालयको मर्जिङ्ग, दरवन्दी मिलान र भौतिक सुधार एवम् शिक्षकहरुको मागको एकबद्धता सम्बन्धमा सामाजिक समितिका संयोजकको संयोजकत्वमा उच्चस्तरीय समिति गठन गरी उक्त समितिको प्रतिवेदनको आधारमा शिक्षा क्षेत्रको विद्यमान समस्या पहिचान गरी नगरपालिकाले शिक्षा नीति सुधार गरी मर्जिङ्ग, दरवन्दी मिलान, शैक्षिक गुणस्तर सुधार कार्यको लागि कार्यविधि बनाई सुधारको कार्यको थालनी गरेका छौ । खेलकुद क्षेत्रको विकासका लागि नगरस्तरिय खेलकुद विकास समिति गठन गरि खेलकुद क्षेत्रको विकासका लागि परिचालन गरिएको छ ।

संघीय सरकार, प्रादेशिक सरकार, सांसद विकास कोषमा नगरपालिकाले संचालन गर्ने बजेट अपुग भएको स्थानमा बजेटको लागि अनुरोध गरिएको छ । केही रकम प्राप्त हुने चरणमा रहेको छ । भौतिक पूर्वाधार विकास नगरपालिकाको प्रथम लक्ष्य हो । पूर्वाधार विकासका लागि सडक मार्ग को

रणनितिक भूमिका रहेको छ । आगामी ४ वर्ष भित्र नगरपालिकाका सडकहरु पूर्णरुपले कालोपत्रे बनाउने लक्ष्यका साथ काम अगाडि बढाईएको छ ।

रोजगारी सिर्जनाको क्षेत्रमा नगरले चालु आर्थिक वर्षमा १५१६ जना बेरोजगारी व्यक्तिहरुलाई सूचिकृत गरियो भने प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत १४२ जनालाई आशिंक रोजगारी प्रदान गरिएको छ । यसैगरी २३० जना व्यक्तिलाई विभिन्न सीपमूलक तालिम प्रदान गरिएको छ । यसै आर्थिक वर्षदेखि नगरपालिकाले वैदेशिक रोजगारीमा जानको लागि श्रम स्वीकृति दिन पनि सूरु गरिएको छ । कटारी नगरपालिकाका विभिन्न वडामा विद्यूतीकरण नपुगेकोमा सम्पूर्ण वडा र बस्तीहरुमा विद्यूतीकरण गर्ने कार्य भै रहेको छ ।

कटारी अस्पताललाई सुविधा सम्पन्न, विरामीहरुलाई खाना, सर-सफाईमा विशेष जोड दिईएको छ भने विशेषज्ञ चिकित्सकहरुको व्यवस्था पनि गरिएको छ । जनतालाई स्वास्थ्य सेवा प्रदान गर्न संघीय सरकारवाट प्राप्त स्वास्थ्य क्षेत्र तर्फको अनुदानले मात्र नपुग्ने हुँदा नगरपालिकावाट आवश्यक श्रोतको व्यवस्थापन अस्पतालको स्तर उन्नतिको कार्य गरिएको छ । नगरलाई पूर्ण खोपको सुनिश्चितता प्रदान गर्ने कार्य पनि अन्तिम चरणमा पुगेको छ ।

नगरपालिकाको आवधिक नगरविकास गुरुयोजना बनाउने कार्य अन्तिम चरणमा पुगेको छ जस्ले आगामी ५ वर्षमा नगरपालिका कस्तो बनाउने खाका तयारी गरिरहेका छौं । प्रत्येक वडामा विनियोजित भएको वडाको रकमलाई खर्च गर्न सहज होस भन्ने उद्देश्यले प्राविधिकहरुलाई वडामै खटाई सम्झौता, मूल्याङ्कनको कार्य गरि रहेका छौं ।

कटारी आधुनिक बसपार्क निर्माणका लागि नगर विकास कोषवाट आवश्यक रकम लिई कार्य आरम्भ गर्ने प्रकृया अन्तिम चरणमा पुगेको छ । नगरको भावी दिशा स्पष्ट गर्नको निम्ति नीति र कार्यक्रम गत नगर सभावाट पास गरिसकिएको छ । दातृ निकायलाई सो नीति तथा कार्यक्रमको अधिनमा रही कार्यक्रममा रकम विनियोजन गर्न अनुरोध गरिएको छ । विधमान परिस्थितहरुलाई समयानुकूल बनाउनका लागि हालसम्म ६९ ओटा कानून निर्माण गरि लागू गरेका छौं ।

बालबालिकाहरुको भविष्य सुधार र वृद्धि विकासका लागि बाल सञ्जाल पुर्नगठनमा १४ वटै वडाका बालबालिका समावेश गरी सञ्जाल गठन गरिएको छ । जेष्ठ नागरिकहरुको हकहित र अपाङ्गहरुको हकहितका लागि जेष्ठ नागरिक संघ र अपाङ्ग संघ गठन गरिएको छ । ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गरी सञ्चालन गरिएको छ ।

वर्षातको समयमा खोला, खोल्सी तथा खहरे पार गरी विद्यालय, अस्पताल तथा बजार जान आउन कठीनाई भई रहेका वडा नं. १० र १ का दुई स्थानहरुमा झोलुङ्गे पुल निर्माण कार्य भएको छ भने वडा नं. ४ स्थित मरुवा खोलामा बेलीवृज निर्माणको लागि ठेक्का प्रकृयाको कार्य सम्पन्न भई काम अगाडि बढेको छ। यसैगरी बेलसोत फुटबल चौर र सोरङ खोलामा नयाँ झोलुगें पुल निर्माणका चरण रहेका छन् ।

कृषकहरुको उत्पादकत्वमा वृद्धि गर्न ७ वटा स्थानहरुमा SIP अन्तर्गत सिँचाई कुलो निर्माण गरि सिँचाईको कार्य गर्न सफल भएका छौ । वडा नं १० को तिल्केचौरमा जमिन भासिन गई बस्ती स्थानान्तरण गर्नु पर्ने भएकाले केन्द्र सरकार र नगरपालिकाको साझेदारिमा उक्त क्षेत्रमा रहेको बस्ती स्थान्तरणको कार्य अन्तिम चरणमा पुर्याएका छौ । कटारी बजारको फोहरमैला विर्सजन स्थलको व्यवस्थापनका लागि स्थानीहरुको माग बमोजिम व्यवस्थापनको कार्य अगाडी बढाईएको छ भने यस नगरपालिकाको दोस्रो बजारको रुपमा रहेको घुर्मी बजारको फोहर मैला व्यवस्थापनका लागि स्थानिय क्लवसँग सम्झौता गरी उक्त क्लवलाई जिम्मा दिईएको छ ।

यस नगरपालिकाको वडा न. ३ र ४ को सिमाना कान्छीबजारमा रहेको अव्यवस्थित ढललाई व्यवस्थित गर्न निरन्तर प्रयास गरि रहेका छौ । नगरको आम जनसमूदायहरुमा सर्व प्रथम स्वास्थ्य सेवाको पहूच पुर्याउनका निम्ती पहाडी क्षेत्रहरु वडा न. १० र १४ मा रहेको स्वास्थ्य संस्थालाई वर्थिङ्ग सेन्टरको रुपमा विस्तार गरिएको छ । यस नगरपालिकाको ६ वर्ष अगाडि पहिलो नगर सभाले गरेको पहिलो निर्णय वडा न. ११ को स्वास्थ्य चौकी निर्माण कार्य यसै आर्थिक वर्षमा सम्पन्न गरेका छौं । कोरोना, डेन्गु र लम्पी स्किन रोगहरुको नियन्त्रण गर्न किटनाशक औषधि वितरण गरिएको छ ।

दिर्घकालिन रोगहरु जस्तै क्यान्सर, मेरुदण्ड भाचिएको र डायलिसिस गर्नु पर्ने ५५ जना बिरामीहरुलाई मासिक ५००० का दरले राहत स्वरुप औषाधि उपचार खर्च वितरण गरिएको छ । वस्तीस्तरवाट नै विकासको खाका तयार गरी निर्माणको कार्य गर्न सकिन्छ भन्ने उद्देश्यका साथ हरेक वस्तीहरुमा टोल विकास संस्थाहरु गठन गरिएको छ । बेरोजगार युवा तथा युवतिहरुको वृद्धि विकासका लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत अचार बनाउने, रेफ्रिजेनेरेटर तथा मोटर बनाउने, झोला बनाउने, हाउस वाइरिङ र सिलाई कटाई सम्बन्धि सिप विकास तालिम सञ्चालन गरिएको छ ।

अग्नीजन्य तथा मन्सुनजन्य विपदवाट पिडित भएका आम जन मानसहरुको मलम रुपी कार्यका निम्ती आवश्यकताको पहिचान गरि ५९ स्थानमा जाली वितरण गरि खोल्सा खहरे तथा नदी

कटानवाट हुने क्षति रोकथाम गर्नुका साथै करिब ११० जना पिडितहरुलाई जिन्सी तथा नगर राहत सहायता स्वरुप वितरण गरिएको छ ।

उपभोक्ता समिति मार्फत गरिने कामलाई प्रभावबारी बनाउन अधिकाशं उपभोक्ता समितिका करिब ३०० जना अध्यक्षहरुलाई तालिम प्रदान गरिएको छ । १८० ओटा टोल विकास समिति गठन गरि टोल समितिका अध्यक्षहरुलाई अभिमुखिकरण गरिएको छ । नगरका सहकारीको व्यवस्थापन गर्न सहकारी संचालकको लागि कोपिमिस तालिम पनि संचालन गरेका छौं । भूमिहिन नागरिकहरुको लागि लालपूर्जा वितरण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ भने नगरको भूमि वर्गीकरण गरी कृषि र आवासीय क्षेत्र छुट्याइसकेका छौं ।

लैगिक हिंसा निवारणको लागि लैंगिक हिंसा निवारण कोष स्थापना गरिएको छ । विभिन्न गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा हिंसा न्युनीकरण र रोकथाम साथै पिडित महिलाहरुको लागि महिला आवास गृह सञ्चालन गरिएको छ । सामाजिक मनोपरामर्श मार्फत हिंसा पिडितहरुको मानसिक तनाव घटाउने विभिन्न कार्यक्रम निरन्तर गरिएको छ । कानूनले निर्दिष्ट गरे बमोजिम नियमित रुपमा कार्यपालिका बैठक सञ्चालन गरि हरेक विषयहरुलाई मासिक रुपमा छलफल गरि सर्वसहमतिमा कार्यान्वयन गर्ने गरिएको छ । नगरपालिकामा रहेका कर्मचारीहरुवाट चुस्त दुरुस्त र प्रभावकारी रुपले सेवा प्रवाह गर्नका लागि कर्मचारीहरुको क्षमता वृद्धि तालिमहरु सञ्चलन गरिएको छ ।

नगरको लेखा प्रणालीलाई सहज र सरल बनाउन इलेक्ट्रोनिक भूक्तानी प्रणाली सुरु गरिएको छ । नगरको कार्य सम्पादनलाई प्रभावकारी र पारदर्शी बनाउन चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरिदै आएको छ । नगरपालिका र प्रत्येक वडामा नागरिक बडापत्रको व्यवस्था गरिएको छ । नागरिक सन्तुष्टि सर्वेक्षण गरि सेवा प्रवाहको मुल्याकंनको थालनी गरिएको छ । नगरमा सूचनाको हकको प्रत्याभुति गराउन सुचना अधिकारी र गुनासो व्यवस्थापनको लागि गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ । यसै गरि विषयगत रुपमा सम्पर्क व्यक्तिहरुको व्यवस्था पनि गरिएको छ । जनतालाई कार्यालयमा आउदा के गर्ने र कार्यालयको योजनाहरुको बारेमा सूसूचित गर्न Digital Notice Board बनाएको छ । नगरपालिकाका गतिविधीहरु र सूचनालाई Web–Site तथा कार्यालयको आधिकारीक Facebook मा राख्ने कार्य गरिएको छ ।

नगरको कार्यसम्पादनमा बेरुजु एउटा रोग हो । चालु वर्षमा ३ करोड बेरुजु घटाउने काम भएको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकंन (LISA) ले नगरको कार्यसम्पादन झल्काउँछ । यसमा गतसाल ४२ नम्बर प्राप्त भएको थियो भने चालु वर्षमा ६४ नम्बर ल्याउन सफल भएको छ

। यसैगरी वितिय जोखिम मूल्यांकन अन्तर्गत ५५ नम्बर प्राप्त भएको छ । यी र यस्ता परिणामले नगरको प्रशासनिक कार्यमा सुधार भइरहेको भन्ने देखिन्छ ।

नगरपालिकाले नगरको समग्र विकास निर्माणको काम गर्ने भएकोले सिमित श्रोतमा असिमित कामहरु गरिरहेको छ । नगरवासीहरुको माग र आवस्यकतालाई सकेसम्म सम्बोधन गर्न निरन्तर प्रशासनिक तथा व्यवस्थापकीय सुधार गर्दै आइरहेको छ ।

आदरणिय महानुभावहरू,

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तय गर्दा नेपालको संविधानको मर्म एवं राज्यको निर्देशक सिद्धान्तहरू, दीगो विकासका लक्ष्यहरू, संघ र प्रदेशले तय गरेका नीति तथा कार्यक्रम र बजेटसँग मेल खाने गरी नगरवासीहरूको सहभागितामा योजना छनौट तथा प्राथमिकीकरण गरी यस कटारी नगरको दीर्घकालीन विकासको सोचलाई आधार मानी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमहरू तय गरिएको छ ।

<u>योजना तथा कार्यक्रम तर्जुमाका आधारहरु :</u>

योजना तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय र प्रदेश सरकारले जारी गरेको नीति, कानून तथा मापदण्डहरु, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४, संघिय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना, स्थानीय तहको मध्यकालिन खर्च संरचना, स्रोत साधन विकासका अन्तरसम्बन्धित विषयहरु, नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु, संघ, प्रदेश र नगरपालिकाले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु, पन्धौं योजनाले अवलम्बन गरेका नीति, रणनीति, योजना र कार्यक्रमहरु आदिलाई प्रमुख आधारको रुपमा लिइएको छ ।

नगरको कार्यक्रम तथा बजेट तर्जुमा गर्दा प्राथमिकतामा राखिएका निम्न विषयहरु म राख्न चाहान्छु -

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
- स्थानीय सहभागीता जुट्ने, स्वयम सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय श्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालवालिका तथा पिछडिएको क्षेत्र र समूदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैगिंक समानता र सामाजिक समावेशीकरणमा अभिवृद्धि हुने,
- दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पूर्याउने,

- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‌याउने,
- नगरपालिका, वडा समिति र विषयगत क्षेत्रले आवश्यकता महसुस गरेका अन्य विषयहरु

आदरणीय नगरसभाका सबै सदस्यज्यूहरु,

अब म आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम पेश गर्ने गर्दछु ।

१. कटारी नगरपालिकाको दिर्घकालीन सोच, लक्ष्य, उद्धेश्य र नीतिहरु

१.१ दिर्घकालिन सोच

**"समृद्ध कटारी नगरको आधारः शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार"**

१.२ प्रमुख लक्ष्य

सहभागितामुलक विकासका अभ्यासलाई स्थानीय आवश्यकताका आधारमा महिला तथा पछाडि पारिएका वर्ग सहित सबै तह र तप्काका नागरिकहरुलाई गुणस्तरीय शिक्षा र स्वास्थ्यको सुविधा तथा बाल, अपाङ्ग तथा महिला मैत्री पूर्वाधारको उपलब्धताबाट आर्थिक स्तर वृद्धि गर्दै र वातावरण सन्तुलन कायम राख्दै समतामूलक समृद्ध समाजको आधारशिला तयार गर्ने ।

## १.३ **उद्देश्य**

- अन्तर सरकार सम्बन्ध सुधार गर्दै समुदायको बजार र वित्तीय संस्थामा पहुँच वृद्धि, पूर्वाधारसँगै यान्त्रिक उपकरण सहितको व्यवसायिक कृषि, पर्यटन र उद्यमशिलताको विकास र व्यवस्थित बसोवासको माध्यमबाट स्थानीय सम्भावनाका आधारमा स्वरोजगार तथा आय आर्जनका अवसरहरुको सिर्जना गरि समुदायको जिवन स्तरमा सुधार गर्न सहयोग गर्नु,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सिद्धान्त अवलम्बनबाट नागरिकहरु खास गरी महिला, विपन्न र सिमान्तकृत वर्गमा आधारभूत शिक्षा, स्वास्थ्य, र सामाजिक सुरक्षाको प्रत्याभूति गर्दै साथै स्थानीय स्तरमा दक्ष जनशक्ति विकास गर्नु,
- अन्तर सरकार र बाह्य सम्बन्ध सुधार गरी पूर्वाधार विकास र व्यवस्थित बसोवासको माध्यमबाट सुरक्षाको प्रतिभूति, स्वरोजगारको अवसर सिर्जना गरि समुदायको आर्थिक समृद्धिका लागि सहयोग गर्नु,
- पर्यावरणीय तथा जैविक विविधताको संरक्षण, सम्वद्र्धन एवं सार्वजनिक र निजि जग्गामा कृषि वन विकास गरी समुदायको काष्ठ जन्य वस्तुको मागलाई सम्बोधन गर्दै हरियालीयुक्त नगरपालिका निर्माण गर्नु, साथै समुदायलाई दैवी प्रकोप सम्बन्धी सचेतना

अभिवृद्धि, पूर्व तयारीका साथै जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न अनुकुलनका उपायहरुको अवलम्बन गर्नु,

- नगरपालिकाले प्रदान गर्ने सेवालाई प्रविधिमैत्री बनाई सेवाग्राहीलाई सहज, शीघ्र र गुणस्तरीय सेवा प्रदान गर्नु, वित्तिय सक्षमता बढाउने कार्य जारी राख्नु तथा कार्यरत जनशक्तिमा रहरले काम गर्ने र हाँसेर सेवा गर्ने आदतको विकास गर्नु,

### १.४ समष्टिगत रणनीति

- स्थानीय वालीको उत्पादन तथा पशुपंछिपालनलाई व्यवसायिक तथा यान्त्रिकरणको माध्यमबाट तुलानात्मक तथा प्रतिष्पर्धात्मक लाभका आधारमा विकास गर्ने,
- सामाजिक पूजीका रुपमा रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन र दिगो तथा उच्चतम व्यवस्थापनको नीतिगत व्यवस्थाबाट समुदायको आर्थिक विकास गर्ने,
- गुणस्तरीय तथा व्यवसायिक शिक्षा तथा आधारभूत स्वास्थ्य सुविधामा नगरपालिकाका सवै नागरिकको पहुँच विस्तार गर्ने,
- वृद्ध वृद्धा, महिला, बालबालिका, अपाङ्ग, पिछडिएका वर्ग तथा सम्पूर्ण नागरिकले सम्मानजनक जिवन यापनको प्रत्याभूति गर्ने,
- युवा वर्गलाई दक्ष तथा प्रतिष्पर्धी बनाउन युवा लक्षित उद्यमशिलता उन्मुख कृयाकलाप सञ्चालन गर्ने,
- पूर्वाधार विकासको गुणस्तरीयता तथा दिगोपना कायम गर्न नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन गर्ने,
- निजि तथा कृषि वन विकास गरि समुदायको वन पैदावार सम्बन्धी मागलाई सम्बोधन गर्दै नगरपालिकामा हरियाली प्रवद्र्धन गर्ने,
- जलवायु परवर्तनको असर न्युनिकरण र दैविप्रकोप व्यवस्थापनका लागि वडा स्तरमा नै सामुदायिक दैवीप्रकोप व्यवस्थापन समितिहरु गठन गरि परिचालन गर्ने,
- नागरिकहरुलाई प्रत्यक्ष करको भार नपर्ने गरि आन्तरिक राजश्वका क्षेत्रको खोजि गरि तिनको दिगो परिचालन गर्ने,
- नगरपालिकाको संस्थागत संरचना (राजनीतिक प्रतिनिधि, कर्मचारी प्रशासन, विषय विज्ञ तथा भौतिक पूर्वाधार) को वर्तमान अवस्थालाई अत्याधुनिक, स्मार्ट, उच्च मनोवल युक्त, सकारात्मक र परिणाममुखी बनाउन नीतिगत व्यवस्था गर्ने ।

## १.५ प्राथमिकता क्षेत्र

नगरपालिकाले अङ्गिकार गरेको दीर्घकालीन सोच, वार्षिक विकास योजनाले निर्धारण गरेको लक्ष्य र बृहत तथा क्षेत्रगत उद्देश्य हाँसिल गर्न देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिइनेछ ।

क) **आर्थिक विकासः** यस क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी वित्तिय जस्ता क्षेत्र ।

ख) **सामाजिक विकासः** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्दन, ( लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण महिला), बालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारु, अल्पसंख्यक आदि

ग) **पूर्वाधार विकासः** (झोलुङ्गे पुल समेत) सडक तथा पुलसः सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविधुत, सञ्चार

घ) **वन, वातावरण तथा विपद् व्यवस्थापनः** वन तथा भूसंरक्षण-, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन

ङ) **सुशासन तथा संस्थागत विकासः** मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विधुतिय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय ।

सभाका सभाध्यक्ष महोदय,

अब म नगरको नीतिहरु प्रस्तुत गर्न चाहान्छु ।

**१. आर्थिक विकास**

१.१ कृषि

१.१.१. प्रत्येक वडामा कृषि प्राविधिक खटाई वडाबाटै कृषि सेवा प्रदान गरिएकोमा आवश्यक परिमार्जन सहित निरन्तरता दिइनेछ ।

१.१.२. कृषिजन्य उत्पादन खरिद/विक्रीका लागि आवश्यकता अनुसार बजारको व्यवस्था गरिनेछ ।

१.१.३. मकै बालीमा लाग्ने फौजी किरा, धान बालीमा लाग्ने पतेरो किरा, गहुँमा लाग्ने कालो पोके रोग तरकारी बाली र फलफुल बालीमा लाग्ने फलको औषा, अन्य किराहरु र रोगहरुबाट हुने क्षति कम गर्न यस नगरपालिकाले आकस्मिक बाली संरक्षण कार्यक्रम संचालन गरिनेछ ।

१.१.४. सम्पुर्ण बालीहरुको उत्पादकत्व वृद्धि गर्नका निमित्त आवश्यक सिँचाई सुविधाको लागि अन्य साझेदारी संस्थाहरुसँग समन्वय गरी सानासिंचाई कार्यक्रम संचालन गरिनेछ ।

१.१.५. खाद्य बालीहरुको उत्पादन वृद्धि गरी नगरलाई खाद्य वस्तुमा आत्मानिर्भर बनाउन धान, मकै, कोदो, फापर, गहत र गहुँ आदिको उन्नत विउविजन वितरण गरिनेछ । कटारी नगरपालिकाको केन्द्रमा रहेको हाम्रो सामुदायिक विउ बैंकलाई व्यवस्थित गर्दै आगामी आर्थिक वर्षहरुमा स्थानीय उपभोगको लागि उन्नत वीउहरुको उत्पादन वृद्धि गरी विक्री वितरण गरिनेछ ।

१.१.६. फलफूल बालीको खेती विस्तार गर्दै वातावरण संरक्षणलाई समेत सघाउ पुग्ने गरी माथिल्लो वडाहरुमा सुन्तला, कागती, जुनार, अनार र तल्लो वडाहरुमा आँप, लिच्ची, ड्रागन फ्रुट, एभोकाड्रो जस्ता फलफूलको विरुवा वितरण गरिनेछ ।

१.१.७. महाभारत क्षेत्रलाई कृषि पर्यटनको रुपमा विकास गर्न आवश्यक कदम चालिनेछ र लाली गुराँसको संरक्षण तथा सम्वद्र्धन गरिनेछ ।

१.१.८. समुन्द्र सतहबाट १००० मिटर देखि माथिको जमिन जहाँ उतिसका रुख र पानीको मुहान छ, त्यस्ता क्षेत्रमा उच्च मुल्यको अलैची, अम्लिसो जस्ता बालीको संभाव्यता अध्ययन गरी व्यवसायिक खेतीको सुरवात गरिनेछ ।

१.१.९. कृषकको आयआर्जनलाई प्रेरित गर्न यस नगरको सम्भावित वडाहरुमा अकबरे खुर्सानीको खेती विस्तार गरिनेछ ।

१.१.१०. यस नगरपालिकामा बसोबास गर्ने दलित, विपन्न, पिछडिएको समुदायलाई लक्षित गरी करार खेती कार्यक्रमलाई निरन्तरता तथा विस्तार गरिनेछ ।

१.१.११. स्थानीय स्तरमा पालन गरिएको पशु चौपायहरुको मुत्र तथा गोबरबाट प्राङ्गारिक मल उत्पादन गर्न गोठ तथा भकारो सुधार कार्यक्रमलाई प्राथमिकताका साथ विस्तार गरिनेछ ।

१.१.१२. तरकारी बाली उत्पादन तथा प्रवर्द्धनको लागि मौसम अनुसार तरकारीको वीउ वितरण र बेमौसमी तरकारी उत्पादन गर्न आवाश्यक प्रविधि सहितको कृषि सामाग्रीहरु वितरण गरिनेछ । कृषिलाई आधुनिकीकरण गर्न कृषि यन्त्रहरुको अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१.१.१३. कटारी नगरपालिकाको वडा नं. ४ मा रहेको कृषि बजारलाई पूर्ण रुपमा संचालनमा ल्याइनेछ र चिस्यान केन्द्रलाई आवाश्यक प्रक्रिया पुर्याई तत्काल संचालन गरिनेछ ।

१.१.१४. कृषि सहकारी/कृषि समूहहरुलाई व्यवस्थित गर्नकालागि समूह व्यवस्थापन सम्वन्धी तालिमहरुको व्यवस्थापन गरिनेछ ।

१.१.१५. रासायनिक विषादीको दीर्घकालिन असरबारे जनचेताना अभिवृद्धि गर्न यस नगरपालिकाको सामुदायिक विद्यालयहरुमा अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

१.१.१६. गरेर सिक्ने र देखेर विश्वास गर्ने विधि अनुसार यस नगरपालिकाको कृषकहरुलाई कृषि अध्ययन, अवलोकन, र अनुसान्धान गर्नको लागि कृषक अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

१.१.१७. सम्भाव्यता अध्ययन गरी नगरको सम्भावित वडाहरुमा जडिबुटी खेतीको प्रारम्भ गरिनेछ ।

१.१.१८. कृषकहरुलाई समयमै रासायनिक मल उपलब्ध गराउन सम्बन्धित निकायमा महल गरिनेछ ।

१.१.१९. नगरपालिका क्षेत्रमा उत्पादन भएका कृषिजन्य वस्तुहरुको व्यवसायीकरण, बजारीकरण र विविधिकरण गर्न निजी क्षेत्र र सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ ।

१.१.२०. "एक वडा एक उत्पादन" भन्ने नारालाई व्यवहारमा उतार्न आवश्यक पहल गरिनेछ ।

१.१.२१. नियमित हाटबजारको व्यवस्थापनलाई प्रभावकारी बनाउन कृषकहरुलाई विशेष सुविधाको व्यवस्था गरिनेछ ।

१.१.२२. वस्तुनिष्ठ मापदण्ड तर्जुमा गरी नगरपालिकाभित्रका उत्कृष्ट कृषक र कृषक समूहलाई पुरस्कृत तथा सम्मान गरिनेछ ।

१.१.२३. मकै, कोदो, फापर, गहत, आलु, तोरी, गहुँ, मुसुरी, रहरी, आलस जस्ता रैथाने वालीको संरक्षण गर्दै एक घर एक उत्पादनको कार्यक्रम ल्याइनेछ ।

१.१.२४. "कृषिमा आत्मनिर्भर कटारी नगरको आधार, जैविक र उन्नत खेतीको लागि सरकार" भन्ने नारालाई व्यवहारमा उतार्न पहल गरिनेछ ।

१.१.२५. उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिने छ ।

१.१.२६. कृषि क्षेत्र पकेट, ब्लक र जोन क्षेत्रको घोषणा गरि व्यवस्थित गरिनेछ ।

१.१.२७. खेतीयोग्य जमिनलाई बाझो नराखिने रणनीति ल्याइनेछ ।

## १.२ पशु

१.२.१ प्रत्येक वडामा पशु प्राविधिकको व्यवस्था गरी पशु सेवालाई वडा स्तरमा विस्तार गरिनेछ ।

१.२.२ पशु चौपायामा लाग्ने आकस्मिक वा दीर्घकालीन रोग, महामारीबाट चौपायाको हानी नोक्सानी रोकथाम गर्न यस नगरपालिकाको सम्पुर्ण वडाहरुमा पशु शिविर कार्यक्रम संचालन गरिनेछ । यस कर्यक्रमबाट बाख्रामा लाग्ने ए.ए.च. रोग र गाई भैंसीमा लाग्ने खोरेत रोगको प्रभावकारी रोकथाम हुनेछ ।

१.२.३ महामारी बाहेकको रोगहरु रोकथामको लागि नगरपालिकाबाट औषधी तथा पशुसेवा निःशुल्क प्रदान गरिनेछ ।

१.२.४ पशु बीमाको कार्यक्रमलाई विस्तार गरी पशुचौपायको क्षतिबाट कृषक तथा पशुपालकलाई हुने आर्थिक क्षतिको पूर्ति गरिनेछ ।

१.२.५ उन्नत नश्ल सुधार तथा प्रवर्द्धनका लागि कृत्रिम गर्भाधान (A.I.) कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१.२.६ पशुपालनलाई व्यवसायिक रुपमा संचालन गर्न उन्नत जातको डाले घाँस र भुईघाँसको विउ र विरुवा समेत वितरण गरिनेछ ।

१.२.७ पशु पालनलाई रोजगारमुखी, व्यवसायमूलक र आकर्षक बनाउनका लागि उन्नत जातको वंगुरको बुच्चा, कुखुरा तथा हाँसको चल्ला, विउ बोका, बाख्राको पाठापाठी, गाईको बाच्छा बाच्छी, भैंसीको पाडा पाडी वितरण कार्यक्रम संचालन गरिनेछ ।

१.२.८ कटारी नगरपालिकाको वडा नं. ४ मा संचालनमा रहेको पशु सेवा केन्द्रलाई व्यवस्थित गरी उक्त स्थानमा पशु प्रयोगशाला ल्याबको स्थापना गरिनेछ ।

१.२.९ माछापालनलाई पोषण स्वास्थ्यसँग जोडी माछापालनका लागि आवश्यक पोखरी निर्माणमा अनुदानको प्रवन्ध सहितको माछापालन कार्यक्रम संचालन गरिनेछ ।

१.२.१० वडा नं. ४ मा रहेको पशु बधशालालाई आवश्यक प्रक्रिया पुरा गरी तत्काल संचालन गरिनेछ।

१.२.११ जेनेटिक रोग सचेतना अभिवृद्धिका लागि सामुदायिक विद्यालयहरुसँग अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

## १.३ सहकारी

१.३.१ महिलाद्वारा संचालित सहकारी संस्थाहरुवाट महिला दिदीबहिनीहरुको जीवन स्तर सुधार गर्नका लागि सहकारी संस्थाको व्यवस्थापन र सहकारी संस्था लेखाको व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

१.३.२ कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायहरुमा सहकारी संस्थामा आवद्ध गराउने नीति लिइनेछ ।

१.३.३ सहकारीको मुल्य र सिद्धान्तहरुलाई अनुसरण गर्न गराउन सबै प्रकारका सहकारी संघ संस्थाहरुलाई अभिप्रेरित गरिनेछ ।

१.३.४ महिला लक्षित सिपमूलक कार्यक्रम ल्याई आत्मनिर्भर र स्वरोजगारको अवस्था सिर्जना गरिने छ।

# २. सामाजिक विकास

## २.१. शिक्षा

२.१.१. आधारभूत तह कक्षा १–५ र कक्षा १–८ संचालन भएका विद्यालयहरुलाई शिक्षक व्यवस्थपानको लागि शिक्षण सिकाइ अनुदान उपलब्ध गराइनेछ।

२.१.२. सामुदायिक विद्यालयहरुबाट विद्यालय तहको शिक्षा हासिल गरी उच्च शिक्षाको लागि डाक्टर, ईन्जिनियर, पि.एच्.डी. अध्ययनका लागि नगरले कार्यविधि बनाई छात्रवृत्तिको व्यवस्था गर्ने नीति लिइएको छ।

२.१.३. शिक्षामा सबैको पहूँचको सुनिश्चितताको लागि सामुदायिक विद्यालयहरुमा अध्ययनरत आमाबुबा गुमाएका बालबालिकाहरुलाई शैक्षिक सामग्री, व्याग, खाजाको व्यवस्था गर्न अक्षय कोषको व्यवस्था मिलाइनेछ।

२.१.४. आधारभूत तह कक्षा ५ र कक्षा ८ को परीक्षालाई व्यवस्थित गरिनेछ।

२.१.५. स्थानीय पाठ्यक्रम निर्माण गरी पाठ्यक्रममा आधारित पाठ्यपुस्तक लेखन तथा छपाइ कार्य सम्पन्न गरी सबै विद्यालयलाई पाठ्यक्रम उपलब्ध गराइनेछ।

२.१.६. नगरशिक्षा गुरु योजना निर्माण गरिनेछ।

२.१.७. माध्यमिक विद्यालयमा खेलकुद विकासको लागि अनुदानको व्यवस्था मिलाइनेछ।

२.१.८. खेलकुदको विकास तथा प्रवर्द्धनको लागि नगरपालिकाको नगर खेलकुद विकास समितिलाई क्रियाशील बनाइनेछ।

२.१.९. सबै बालबालबालिकाहरुलाई विद्यालय शिक्षामा प्रवेश गराउन बालविकास केन्द्र स्थापना गरिनेछ।

२.१.१०. परिवर्तित पाठ्यक्रम प्रबोधीकरणका साथै शैक्षिक सूचना प्रणालीलाई व्यवस्थित गर्न तालिमको व्यवस्था गरिनेछ।

२.१.११. शिक्षक विद्यार्थी अनुपातमा यसै शैक्षिक सत्र भित्र दरबन्दी मिलान कार्यका लागि प्रयत्न गरिने छ।

२.१.१२. विज्ञान विषयमा कक्षा ११ र १२ संचालन गर्न चाहाने सामुदायिक विद्यालयलाई प्रस्तावको आधारमा मूल्यांकन गरी छनौट भएका विद्यालयलाई अनुदानको व्यवस्था मिलाइनेछ।

२.१.१३. वडागत नमुना विद्यालयको अवधारणालाई विकास गरिनेछ।

२.१.१४. नगरलाई शैक्षिक हवको रुपमा विकास गर्न विज्ञान संकाय र प्राविधिक शिक्षाको कक्षा संचालन गरिनेछ।

२.१.१५. विद्यालयको पठनपाठनमा सुधार ल्याउन नियमित अनुगमन कार्यलाई विशेष प्राथमिकता दिइनेछ। साथै वडागत अनुगमन समिति गठन गरी विद्यालय अनुगमनको कार्य प्रभावकारी ढङ्गबाट अघि बनाइनेछ।

२.१.१६. विगत शैक्षिक सत्र देखि अंग्रेजी माध्यमबाट पठनपाठन हुँदै आएका विद्यालयलाई दिंदै आएको अनुदानलाई निरन्तरता दिइनेछ।

२.१.१७. कक्षा ५, ८ र कक्षा १० मा उत्कृष्ठ छात्रा/छात्र र शिक्षक/प्र.अ.लाई पुरस्कृत गर्न सूचक निर्माण गरी कार्यान्वयन गरिनेछ।

२.१.१८. हरेक वडामा मासिक रुपमा शैक्षिक अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

२.१.१९. विद्यालयहरुलाई विद्यार्थीहरुको नतिजा प्रकाशन विश्लेषण प्रमाण पत्र वितरण कार्यलाई सहज बनाउन सफ्टवेर खरिद गरि विद्यालयलाई उपलब्ध गराइनेछ।

२.१.२०. साहित्य, कला, संगीत र योग शिक्षाको प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

२.१.२१. उपप्रमुखज्यूको नेतृत्वमा बालविवाह, बहूविवाह जस्ता सामाजिक कुप्रथा विरुद्ध सडकनाटक, बादविवाद, हाजिरीजवाफ र पोषण सम्बन्धी अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ।

२.१.२२. प्रारम्भिक बालविकास सहजकर्ताहरुलाई पेशामा आधारित तालिमको व्यवस्था मिलाइनेछ।

२.१.२३. विद्यालय प्रवेश उमेर समुहका विद्यालय बाहिर रहेका बालबालिको अभिलेखीकरणको लागि आवश्यक पहल गरिनेछ।

२.१.२४. नगरभित्रका हरेक विद्यालयहरुको शैक्षिक गतिविधिहरुको मासिक रुपमा अनुगमन गरिनेछ।

२.१.२५. विद्यालयको व्यवस्थापकीय समस्याहरु, शिक्षासँग सम्बन्धित अन्य विषयमा मासिक रुपमा प्र.अ. बैठक राखिनेछ।

२.१.२६. हरेक विद्यालयमा महिनामा एकपटक अतिरिक्त क्रियाकलाप सञ्चालन गराउने व्यवस्था गरिनेछ।

२.१.२७. अन्तर विद्यालय खेलकुद, वादविवाद, हाजिरीजवाफ, निबन्ध प्रतियोगिता जस्ता क्रियाकलापहरु सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

२.१.२८. विद्यालयको शैक्षिक गतिबिधि तथा विद्यार्थीहरुको समस्यालाई विद्यालय स्तरमा नै समाधान गर्न नगर प्रमुखसँग विद्यार्थी कार्यक्रम सञ्चालन गरिनेछ ।

२.१.२९. हरेक विधालयमा प्राथमिक उपचारको लागि सामान्य सेवा प्रदान गरिनेछ ।

२.१.३०. भर्चुअल माध्यमबाट शैक्षिक अनुगमन थालिनेछ ।

२.१.३१. नगर भित्रको आदिवासी जनजाती समुदायको बालबालिकाहरुको शिक्षाको गुणस्तर बढाउन मातृभाषामा शिक्षा कार्यक्रम संचालन गर्न सम्भव्यता अध्ययन गरिनेछ ।

२.१.३२. छोटो अवधिमा आधारित सिपमूलक कक्षा माध्यमिक विधालयमा सञ्चालन गरिनेछ ।

## २.२. स्वास्थ्य

२.२.१ अत्यावश्यक आधारभूत स्वास्थ्य सेवालाई नगरवासीको मौलिक हकको रुपमा स्थापीत गरिनेछ ।

२.२.२ नगरभित्र रहेका आधारभूत अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्रबाट प्रदान गरिने स्वास्थ्य सेवाहरु गुणस्तरीय र निर्दिष्ट भएका मापदण्ड बमोजिम सञ्चालन गरिनेछ ।

२.२.३ महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुको लागि प्रोत्साहन तथा यातायात खर्च बापत उपलब्ध गराउदै आएको रकमलाई निरन्तरता दिइनेछ र स्वेछिक अवकाश हुँदा प्राप्त हुने रकम प्रदान गर्न कोषको स्थापना गरिनेछ ।

२.२.४ हाल सञ्चालनमा रहेको आधारभूत अस्पताल कटारीलाई १५ शैयाबाट ५० शैयाको स्तरोन्नतीको लागि र प्रदेशस्तरको विशेषज्ञ सेवा सहितको अस्पताल स्तरोन्नतीको लागि पहल गरिनेछ ।

२.२.५ सुनौलो हजार दिनका गर्भवती, सुत्केरी आम र नवजात शिशुहरुको स्वास्थ्य अवस्था सुधार तथा मातृ÷नवशिशु मृत्युदरमा कमी ल्याउन गर्भवती महिलालाई आइरन फोलिक एसिड, क्यालसियम लगायतका गर्भजाँच जस्ता कार्य निः शूल्क गराइनेछ ।

२.२.६ मातृ तथा नवशिशु मृत्युदरमा कमी ल्याउन सुत्केरी सँग नर्स कार्यक्रम -PNC Home visit_ कार्यक्रम लागू गरिनेछ ।

२.२.७ गर्भवतीहरुको नियमित रुपमा पूर्व प्रसूती सेवा प्रदान गर्नुको साथै ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम निःशूल्क उपलब्ध गराउन क्रमशः सेवा विस्तार गरिनेछ ।

२.२.८ विद्यालय जाने किशोरकिशारीको लागि आइरन तथा जुकाको औषधि खुवाइनेछ र विद्यालयको पहुँचभन्दा बाहिर रहेकाहरुका लागि महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका मार्फत कार्यक्रम सञ्चालन गरिनेछ ।

२.२.९ शिशु तथा बाल मृत्युदर कम गर्नको लागि प्रत्येक स्वास्थ्य संस्था÷महिला स्वास्थ्य स्वयमसेविका मार्फत थप पूरक सूक्ष्म पोषण तत्व वितरण गरी नियमित खोप सेवा, वृद्धि अनुगमन सेवा निः शूल्क प्रदान गरिनेछ।

२.२.१० उच्च रक्तचाप, मधुमेहको औषधि स्वास्थ्य संस्थाबाट र मानसिक रोगीहरुका लागि मानसिक रोगको औषधि कटारी अस्पतालबाट निः शूल्क उपलब्ध गराइनेछ।

२.२.११ स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

२.२.१२ स्वास्थ्य संस्थाबाट नेपाल सरकारले तोकेको आइटम अनुसारका औषधिहरु निः शूल्क नियमित रुपमा उपलब्ध गराइनेछ।

## २.३. खानेपानी, ढलनाला तथा सरसफाइ

२.३.१. शुद्ध खानेपानीको सहजता नभएका गाउँ बस्तीहरुमा खानेपानीको सहजताका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

२.३.२. फोहोरमैला व्यवस्थापन गर्न हालको ल्याण्डफिल्ड साईटको उचित व्यवस्थापन गर्ने र थप वैकल्पिक सुरक्षित ल्याण्डफिल्ड साईटको संभाव्यता अध्ययन गर्न गठित सहजीकरण समितिलाई क्रियाशिल गरिनेछ।

२.३.३. नगरको पहाडी भेगमा लिफ्टिंग खानेपानी आयोजना संचालनलाई निरन्तरता दिइनेछ।

२.३.४. नगरको शहरी क्षेत्रभित्र रहेका ढलहरुको सरसफाई गरी उचित व्यवस्थापन गरिनेछ।

२.३.५. नगर क्षेत्रमा पूर्ण सरसफाईका लागि टोलविकास संस्था विस्तार गरी नगरको सरसफाई र विकासको लागि परिचालन र प्रतिस्पर्धा गराई हातेमालो गरिनेछ।

२.३.६. फोहोरमैला व्यवस्थापन ऐनलाई कडाइका साथ लागू गरिनेछ।

२.३.७. फोहोर उत्पादकबाट सफाई शुल्क लिई फोहोरमैला व्यवस्थापन गर्न निजी क्षेत्रलाई परिचालन गरिनेछ। उक्त क्रममा श्रोतमै फोहोर छुट्याई कुहिने फोहरलाई कम्पोष्टिङ्ग गर्न प्रोत्साहन गरिनेछ।

२.३.८. नगर क्षेत्र भित्रका गल्ली, गोरेटो तथा सडकको सरसफाई तथा मर्मत सुधारमा टोल विकास संस्थाहरुसँग सहकार्य गरिनेछ।

२.३.९. फोहोर व्यवस्थापन एवं सरसफाइका लागि चाहिने जनशक्ति करार सेवा मार्फत आपूर्ति गर्ने नीति अवलम्वन गरिने छ।

२.३.१०. ''आफ्नो टोल आफै बनाऔं'' भन्ने अभियान सुरु गरी पूर्ण सरसफाईयुक्त नगर बनाइनेछ।

## २.४. सस्कृति तथा पर्यटन प्रवर्द्धन

२.४.१. धार्मिक तथा ऐतिहासिक महत्व बोकेको क्षेत्रको गुरुयोजना निर्माण गर्न समुदायसँग आवश्यक समन्वय गरिनेछ।

२.४.२. भाषा संरक्षण जातीय तथा क्षेत्रिय कला संकृति संरक्षण र विकासका निमित्त वृतचित्र, साहित्य सिर्जना लगायतका कार्यहरुमा स्थानीय श्रस्टाहरुलाई प्रोत्साहन गरिनेछ ।

२.४.३. प्याराग्लाइडिङ, एयर बेलुन संचालनका लागि निजी क्षेत्रसँग सहकार्य गरि मर्जेतपुरवाट सुचारु गर्न प्रोत्साहन गरिनेछ ।

२.४.४. नगर क्षेत्रभित्र रहेका विभिन्न धार्मिक मन्दिर, चैत्य, गुम्बा, चर्च, विहार, मस्जिथारुलाई संरक्षण र सम्बर्धनका लागि आवश्यक योजना बनाइनेछ।

२.४.५. नगरमा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका स्थानहरु र साहित्य कला संस्कृतिको संरक्षण तथा सम्वर्द्धन गरिनेछ।

२.४.६. नगरपालिकामा रहेको धार्मिक तथा ऐतिहासिक महत्व बोकेको नगरका विभिन्न स्थलहरुको पहिचान र प्रचारप्रसार गरी आन्तरिक पर्यटनको विकास गरिने छ। नगरको पर्यटन क्षेत्र, सिमसार क्षेत्रहरुको स्तरोन्नती तथा संरक्षण र आवश्यक भौतिक पूर्वाधार निर्माणको कार्यलाई निरन्तरता दिइनेछ।

२.४.७. वडा नं. ११ मा रहेको बेतेनी डाँडामा १ नं. प्रदेश कै नमूना पिक्निक स्पोर्ट तथा पर्यटन पार्क निर्माण गर्न आवश्यक भौतिक पूर्वाधारहरु निर्माणलाई निरन्तरता दिइनेछ।

२.४.८. वडा नं. १ को सिमसार क्षेत्र तथा काली खोला जलाशयको संरक्षणलाई निरन्तरता दिइनेछ।

२.४.९. उत्तरायणी – सिस्नेरी जल मार्ग र कमला नदी जल मार्गको सम्भाव्यता अध्ययन गरी पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ।

२.४.१०. नगरपालिका भित्र रहेका विभिन्न समुदायहरुको चाडपर्व तथा मौलिक संस्कृतिको संरक्षण गरिनेछ।

## २.५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

२.५.१. प्रत्येक वडामा टोल विकास संस्थाको गठन गरिनेछ। नगरको हरेक क्रियाकलापमा उक्त संस्थालाई सक्रिय तथा क्रियाशील तुल्याई विकास, समृद्धि, न्याय तथा सुशासन प्रवर्द्धनमा साझेदार बनाइनेछ।

२.५.२. महिलाहरुको सहभागीता तथा महिला सशक्तिकरणको मञ्चको रुपमा रहेको महिला समूह, समिति र संस्था सुदृढीकरणका लागि क्षमता विकास सम्बन्धी तालिम संचालन गरिनेछ।

२.५.३. चालुकोष परिचालन तथा अनुदानबाट महिला समिति र संस्थामा आवद्ध महिलाहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन सहयोग गरिनेछ।

२.५.४. नगरका एकल महिलाको पहिचानका लागि परिचयपत्र वितरण गरिनेछ भने आत्मनिर्भर बनाउन निजहरुको माग बमोजिमको सीप विकास तालिम प्रदान गर्दै व्यवसाय संचालनमा सहयोग प्रदान गरिनेछ।

२.५.५. ज्येष्ठ नागरिकको संरक्षण, हकहित र अधिकारका लागि नगरपालिकामा गठन भएको ज्येष्ठ नागरिक संघलाई कोष स्थापना तथा अनुदान प्रदान गरिनेछ। सबै वडामा वडा स्तरीय ज्येष्ठ नागरिक संघको गठन गरिनेछ।

२.५.६. ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिलाई दिइने परिचय पत्र वितरण, सम्मान र अन्त्तक्रिया कार्यलाई निरन्तरता दिईनेछ । फरक क्षमता भएका व्यक्तिका हकहित र संरक्षणको लागि नगरस्तरीय कोष स्थापना गरिनुका साथै आवश्यकता अनुसार सहायक सामग्री वितरण गरिनेछ । आवश्यकता अनुसार वडामा शिविर संचालन गरिनेछ ।

२.५.७. अतिविपन्न, विपन्न, दलित, पिछडा वर्ग तथा फरक क्षमता भएका व्यक्तिहरुलाई आत्मनिर्भर बनाउन सीप तथा क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

२.५.८. बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरे अनुसार स्थानीय तहमा बाल अधिकार समिति गठन, परिचालन, बाल कोषको स्थापना तथा बाल कल्याण अधिकारीको नियुक्ति र परिचालनको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२.५.९. अन्त्तराष्ट्रिय तथा राष्ट्रिय महिला दिवसको अवसरमा विविध विषयमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

२.५.१०. विगतमा नगरपालिका मार्फत विभिन्न सीप प्राप्त महिलाहरुको तथ्यांक संकलन गरी आवश्यक्ता अनुसार पुनःताजगी तालिम समेत प्रदान गरी व्यवसायमुखी तथा आत्मनिर्भर बनाउने नीति लिइएको छ ।

२.५.११. आदिवासी जनजातीहरुको भाषा, धर्म, संस्कार सस्कृतीको सम्मान तथा संरक्षण गर्ने नीति लिइनेछ ।

२.५.१२. दलित, अल्पसंख्यक, सीमान्तकृत, उत्पीडित, विपन्न र असहाय वर्गको जीवनस्तर उकास्न उद्यमशीलता विकास तालिमहरुको सञ्चालन गरिनेछ ।

२.५.१३. भूमिहीन दलित र भूमिहीन सुकुम्बासी समस्या समाधानको लागि यही आर्थिक वर्ष भित्र जग्गा धनी पूर्जा वितरण तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन हुने गरी कार्यहरु अगाडी बढाईने छ ।

## २.६. युवा तथा खेलकुद र रोजगार कार्यक्रम

२.६.१. यूवालाई स्वरोजगार मुलक कृयाकलाप एवं सामाजिक परिवर्तनका वाहकका रुपमा परिचालन गर्न पहल गरिनेछ ।

२.६.२. खेलकुद तथा सृजनशिल कार्यक्रममा संलग्न गराई समृद्ध नगर विकासमा सहभागी बनाइने छ ।

२.६.३. खेलकुद विकासको लागि आवश्यक पर्ने खेल मैदान, कभर्ड हल निर्माण प्रकृया निरन्तर रुपमा सञ्चालन गरिनेछ ।

२.६.४. नगरमा रहेको युवा बेरोजगारहरुलाई रोजगारीको प्रवर्द्धन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रममा समावेश हुन अनलाईन रजिष्ट्रेशनमा सहजीकरण गर्नुका साथै प्रधानमन्त्री रोजगार कार्यक्रमद्वारा नगरमा सञ्चालनमा रहेको आयोजनालाई थप प्रभावकारी बनाउन उचित बजेटको व्यवस्थापन गरिनेछ ।

२.६.५. खेलप्रेमी युवाहरुलाई लक्षित गरी सञ्चालनमा रहेको नगर मेयर कप खेलकुद प्रतियोगीताहरु नियमित रुपामा संचालन गरिनेछ ।

२.६.६. एक वडा एक खेल पूर्वाधार को अवधारणालाई मूर्तरुप दिन आवश्यक पहल गरिनेछ।

२.६.७. नगरस्तरीय खेलकूद कार्यक्रम सञ्चालन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको खेलाडी उत्पादनमा जोड दिइनेछ।

२.६.८. वैदेशिक रोजागरीबाट फर्किएका व्यक्तिहरुलाई स्वदेश भित्रै आर्थिक सामाजिक र सांस्कृतिक राजनीतिक जीवनमा सक्रिय रुपमा सहभागी बनाई पुनस्थापित गराइनेछ।

## ३. पूर्वाधार विकास

३.१. नगरपालिकाको निर्माणाधीन प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न गरी सोही स्थानबाट सेवा प्रवाह हुने व्यवस्था मिलाइनेछ।

३.२. आफ्ना कार्यालय भवन नभएका वडा कार्यालयहरुको कार्यालय भवन, स्वास्थ्य चौकी भवन तथा वर्थिङ्ग सेन्टरको निर्माण गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

३.३. नगरपालिका केन्द्रवाट वडा कार्यालय केन्द्रसम्म सडक संजाललाई All Weather Road को रुपमा विकास गरिनेछ।

३.४. नगरपालिकाका पूर्वाधारहरुमा लगानीका विभिन्न वित्तिय उपकरण तथा स्रोत परिचालन गर्न नगर विकास कोषमा नगरपालिकाको शेयर स्वामित्व रहने गरी आवश्यक प्रबन्ध मिलाइनेछ।

३.५. सडक संजालमा आवश्यक परेका पुल पुलेसाहरुको DPR को कार्यलाई निरन्तरता दिईनेछ।

३.६. सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार, कक्षा कोठा, घेराबेरा, शौचालय, खेल मैदान, शुद्ध पिउने पानीको व्यवस्था तथा अन्य भौतिक सुधारका कार्यहरुलाई निरन्तरता दिईनेछ।

३.७. ट्र्याक खोलिएका तथा हाल संचालनमा रहेका कच्ची, ग्राभेल र पक्की सडकहरुलाई नियमित मर्मत संभारको व्यवस्था मिलाई यातायात संचालनमा सहजता प्रदान गरिनेछ।

३.८. नगरद्वारा निर्माण गरिएका सडकहरुको नापी नक्सामा लगत कायम गराउन आवश्यक कार्य यसै आर्थिक वर्षबाट थालनी गरी सडक कायम गरिनेछ।

३.९. नगरका प्रत्येक वडाहरुमा टोल विकास संस्था गठन गरी नगर क्षेत्रभित्रका सडकहरुका सरसफाइ तथा ''आफ्नो टोल आफै बनाऔं'' भन्ने नारा अनुरुप विकास कार्यहरुमा सहकार्य गरिनेछ।

३.१०. कमला नदी लिफ्टिङ्ग र तावाखोला लिफ्टिङ्ग सिचाईको सम्भाव्यता अध्ययन गरी वडाहरुको कृषियोग्य जमिनमा सिचाइको व्यवस्था गरिनेछ।

३.११. वडाको योजना सम्बन्धी प्राविधिक कामकाज तथा योजना सम्झौता वडाबाटै सम्पन्न हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ।

३.१२. कटारी नगरलाई यसै आर्थिक वर्षभित्र फुसको छानोमुक्त नगरपालिका घोषणा गर्न आवश्यक पहल तथा व्यवस्था मिलाइनेछ।

३.१३. नगरपालिकाभित्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक महत्वका सडकहरुको अध्ययन गरी यसै वर्षभित्र नगर यातायात गुरु योजना तयार गरिनेछ।

३.१४. एक वडा एक वासरुम सहितको सार्वजनिक शौचालय निर्माणको कार्य अघि बढाइनेछ।

३.१५. कटारी बजारको एक मात्र बसपार्कको DPR भई सकेको हुँदा सो निर्माणको कार्यलाई अघि बढाउन नगरविकास कोष, सहरी विकास कार्यालय र सम्बन्धित निकायसँग सहकार्य गरिनेछ।

३.१६. नगरभित्रका सार्वजनिक सम्पति तथा जग्गाहरुको अभिलेखीकरण तथा संरक्षणको कार्य अघि बढाइनेछ।

३.१७. बहूक्षेत्रीय लाभ प्राप्त पूर्वाधारहरुको अध्ययन गरी आवश्यक बजेट विनियोजन गरिनेछ।

३.१८. नगरभित्रका सम्पूर्ण पूर्वाधारहरुको मर्मत गर्न एक मर्मत सम्भार कोष खडा गरी सोही कोषमार्फत मर्मत कार्य गरिनेछ।

३.१९. नगरभित्रका नयाँ पक्की तथा झोलुङ्गे पुलको निर्माण गर्न तथा पुराना झोलुङ्गे पुलहरुको उचित मर्मत सम्भार गर्न संघ तथा प्रदेशमा आवश्यक पहल गरिनेछ।

३.२०. उज्यालो नगरको रुपमा विकास गर्न सबै वडामा क्रमशः विद्युतीकरणका लागि सम्बन्धित निकायसँग आवश्यक बजेट माग गरिनेछ।

३.२१. वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड बमोजिम भूकम्प प्रतिरोधात्मक संरचनामा जोड दिने नीतिको लागि मापदण्ड वमोजिम नक्सा पास गर्न अनिवार्य गर्ने तथा मापदण्ड लागू हुनु भन्दा अघि बनेका तर नक्सा पास नभएका घरहरु अभिलेखिकरण कार्यलाई निरन्तरता दिइनेछ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन

४.१. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विशेष नीति लिइनेछ। विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मुल्यांकन, विपद् रोकथाम वा विपदबाट हुने क्षतीको न्यूनीकरण तथा व्यवस्थापनका लागि पूर्व सूचना प्रणालीको विकास गर्न नगर विपद् व्यवस्थापन समिति गठन गरिनेछ।

४.२. विपद् र विकासमा युवा परिचालनको नीति लिइनेछ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि सबै वडाहरूमा यूवा स्वयंसेवकहरू परिचालन तथा व्यवस्थापन गर्न, विद्यालय तहमा स्वयंसेवाको भाव वृद्धिको निम्ति विद्यार्थीहरूलाई उत्प्रेरणा जगाउन अभियान सञ्चालन गर्नका लागि वडा विपद् व्यवस्थापन समिति गठन गरिनेछ।

४.३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक पर्ने कार्यविधिहरू निर्माण तथा ऐन परिमार्जन गरी कार्यसम्पादनमा सहजता ल्याइनेछ।

४.४. कटारी नगरपालिका वडा नं. १४ को एक मात्र बजारको रुपमा रहेको घुर्मी बजार संरक्षणमा आवश्यक व्यवस्था मिलाइनेछ साथै फोहरमैला व्यवस्थानको लागि उचित प्रवन्ध गरिनेछ।

४.५. विपद् जोखिम ब्यवस्थापनको क्षेत्रमा उदाहरणीय कार्य गर्ने व्यक्ति, संघ, संस्थाहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

४.६. वारुण यन्त्रलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ। नगरपालिकाको पहाडी ईलाकाहरुमा आगो निभाउन स्थानीय स्तरमै उपलब्ध स्रोतसाधनको प्रयोग गर्ने गराउने विषयमा अध्ययन गरी कार्यान्वयन गर्ने नीति लिईनेछ।

४.७. सडक निर्माण गर्दा सडकको दुबै तर्फ वृक्षारोपण गरी हरियाली विकासमा जोड दिने नीति लिइनेछ।

४.८. जलचर जिवहरुको संरक्षण गर्न विषादी प्रयोग र करेन्ट लगाउने कार्यलाई पूर्ण प्रतिवन्ध लगाई जैविक विविधता प्रवर्द्धनमा जोड दिइनेछ।

४.९. नगरका सामुदायिक वन क्षेत्रका खुला तथा खोला किनारका क्षेत्रमा सम्बन्धित निकायहरुको सहयोग तथा समन्वयमा वृक्षारोपणको कार्यक्रम संचालन गरिनेछ।

४.१०. विकास निर्माणका कार्यलाई वातावरण संरक्षणसँग जोडी दिगो विकासको सिद्धान्त अनुरुप विकास निर्माणको कार्य संचालन गरिनेछ। विकास निर्माणको कार्यबाट वातावरणमा आउन सक्ने विनाशलाई न्यूनीकरण गर्ने नीति लिइनेछ।

४.११. बाढी, पहिरो, सुख्खा, आगलागी, चट्याङ्ग जस्ता प्राकृतिक तथा दैवी प्रकोपजन्य घटनाबाट सृजना हुने विपद्का कारण आहत् हुने व्यक्ति तथा परिवारलाई प्रदान गरिने खाद्य, जिन्सी तथा नगदी सहयोगलाई वैज्ञानिक, वस्तुनिष्ट, मितव्ययी, प्रभावकारी तथा औचित्यपूर्ण बनाइनेछ।

४.१२. नदि तथा खहरे खोला नियन्त्रणका लागि नयाँ प्रविधिमा आधारित नदि नियन्त्रण आयोजना र चुरे राष्ट्रपति आयोजनामा प्रस्ताव पेश गरि कार्यक्रम माग गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकास

### ५.१. सुशासन, संगठन एवं प्रशासन

५.१.१. संगठन व्यवस्थापन सर्भेक्षण (O&M) गरी नगरको आवश्यकता अनुसारको स्थायी कर्मचारीको व्यवस्थापनको निमित्त सम्बन्धित निकायमा पहल गरिनेछ।

५.१.२. नागरिक वडापत्र कार्यान्वयन गरिने, नगरमा संचालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन प्रगति समिक्षा, सार्वजनिक सुनुवाई सामाजिक परिक्षण आदि मार्फत सुशासनमा जोड दिईनेछ।

५.१.३. सम्पूर्ण कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गरी नगरको आवश्यकता अनुसारका कर्मचारीहरुको मात्र सेवा करार म्याद थप गरिनेछ। संगठन व्यवस्थापन सर्भेक्षण पूर्व कानून बमोजिम बाहेक कुनै पनि किसिमको पद सृजना/खारेजी/पदपूर्ति गर्न नमिल्ने भएकोले कुनै पनि पदमा नयाँ कर्मचारी नियुक्त गरिने छैन तर करार तथा ज्यालादारीका कर्मचारीहरुको पदपूर्ति आवश्यकता अनुसार नगर प्रमुखको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार हुनेछ।

५.१.४. क्षमता विकास योजना तयार गरी नगरपालिकामा कार्यरत कर्मचारीको क्षमतामा अभिवृद्धि गरी नगरपालिकाको कार्य सम्पादनलाई सरल, छिटो/छरितो, सेवाग्राहीमुखी बनाइनेछ । कर्मचारीको वृत्ति विकास योजनालाई मध्यनजर गर्दै करारमा कार्यरत कर्मचारीहरुको संचयकोषको व्यवस्था गरिनेछ ।

५.१.५. नगरपालिका र नगरपालिका मातहतका सबै कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता गरी वार्षिक कार्य सम्पादन र सार्वजनिक सेवा प्रवाहको आधारमा उत्कृष्ट शाखा प्रमुख र उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गरिने छ ।

५.१.६. कर्मचारीहरुसँग अन्तक्रिया गर्न तथा आवश्यक समन्वय, सहकार्य तथा समस्याहरुको समाधान गर्न कर्मचारी बैठक, शाखा प्रमुख बैठक तथा जनप्रतिनिधिसँग कर्मचारी बैठक नियमित राखिनेछ ।

५.१.७. मूलुकका विभिन्न उत्कृष्ट स्थानीय तह तथा छिमेकी स्थानीय तहहरुसँग भगिनी सम्बन्ध कायम गरी सिकाई आदानप्रदान तथा अवलोकन भ्रमणको कार्यक्रम सञ्चालन गरिनेछ ।

५.१.८. नगरको कार्यक्रम तथा आयोजना सञ्चालन गर्न सार्वजनिक खरिद ऐन तथा नियमावलीको सीमाभित्र रही सम्बन्धित पक्षसँग सम्झौता गरिनेछ ।

५.१.९. नगरका विभिन्न आयोजना सञ्चालन गर्न जनप्रतिनिधिहरु तथा उपभोक्ता समितिको लागि विषयक्षेत्रगत तालिम सञ्चालन गरिनेछ ।

५.१.१०. सार्वजनिक सुनवाई कार्यक्रमलाई अनिवार्य गरिनेछ ।

५.१.११. सामुदायिक सूचना पाटीको व्यवस्था आवश्यकता अनुसार थप गरिनेछ ।

५.१.१२. नगरपालिका तथा मातहतका कार्यालयहरुमा गुनासो पेटिकाको व्यवस्था गरिनेछ र जनगुनासाहरुको प्रभावकारी ढङ्गबाट सम्बोधन गर्न प्रत्येक महिनामा एक दिन नगर प्रमुखसँग जनता कार्यक्रम सञ्चालन गरिनेछ ।

## ५.२. सूचना तथा सञ्चार प्रविधि

५.२.१. नगरपालिकाका १४ वटै वडाहरुबाट अनलाईन/अफलाईन राजश्व तथा सिफारिस software जडान गरी सूचना प्रविधिमैत्री वडाका रुपमा निरन्तरता दिदै राजस्व चुहावट न्यूनीकरण गरी राजस्व संकलनमा वृद्धि गरिनेछ ।

५.२.२. सूचना प्रविधि शिक्षालाई अन्तराष्ट्रियस्तरको बनाउने क्रममा नगरका शिक्षा शाखा तथा नगरका सम्पुर्ण सामुदायिक विद्यालयहरुको लागि नगरले वेव साईट निमार्ण गरी वितरण गरिनेछ ।

५.२.३. नगरलाई आधुनिक बनाउँनेतर्फ कटारी नगरपालिकाको कार्यालय मातहतका वडाहरुमा सि.सि.टि.भी. जडान गरी सार्वजनिक सम्पत्तिको सुरक्षा एवं निगरानी गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

५.२.४. कटारी नगर कार्यपालिकाका गतिविधि तथा सूचनाहरु नगरको वेभसाईट, नगरको आधिकारिक फेसबुक पेज तथा मोवाईल एप मार्फत सार्वजनिक गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

५.२.५. प्रत्येक घरघरमा इन्टरनेटको पहुँच पु-याउने उद्देश्यले अप्टिकल फाईवर विस्तारको प्रक्रियालाई तीव्रताकासाथ अगाडी वढाई १४ वटै वडाका सबै वडावासीहरुको पहुचसम्म लगिनेछ ।

५.२.६. नगरमा आवस्यकता अनुसार नगरपालिका कार्यालय, वडा कार्यालयहरु तथा नगर क्षेत्रभित्रका फ्रि वाईफाई जोन विस्तार गरि सबैलाई एउटै नेटवर्कमा ल्याउने, कन्ट्रोल गर्ने तथा आवश्यक्ता अनुसार वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

५.२.७. नगरपालिकाका सम्पूर्ण गतिविधिहरु तथा लोककल्याणकारी सूचनाहरु नगरपालिका भित्रका एफ्.एम्. रेडियो, पत्रपत्रिका तथा अनलाइन मिडियासँग सहकार्य तथा समन्वय गरी प्रकाशन तथा प्रशारण गरिनेछ ।

५.२.८. विधुतीय हाजिरी यसै बर्षबाट नगरपालिकाको कार्यालय, कटारी अस्पताल र सम्पूर्ण वडा कार्यालयहरुमा जडान गरि सुचारु गरिनेछ ।

## ५.३. पञ्जीकरण व्यवस्थापन

५.३.१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीले स्व-इच्छाले भत्ता नलिने स्वःघोषणा गरेमा त्यस्ता लाभग्राहीहरुलाई नगरस्तरबाट विशेष कार्यक्रम गरी सम्मान गरिनेछ ।

५.३.२. सामाजिक सुरक्षा भत्ता वितरणमा बैकिङ्ग प्रणालीलाई अझ प्रभावकारी बनाउन सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंकहरुसँग प्रत्येक त्रैमासिकको अन्तमा समिक्षा, सल्लाह–सुझाव तथा उत्प्रेरणात्मक कार्यक्रम गर्ने नीति अवलम्बन गरिनेछ ।

५.३.३. सबै वडाहरुमा अनलाईन व्यक्तिगत घटनादर्ताको विस्तार गरी प्रभावकारी बनाउने र अफलाईन घटनादर्ता भएको वडाहरुमा ईन्टरनेट सेवा प्रदायक संस्थाहरुसँग आवश्यक समन्वय गरी ईन्टरनेट सेवालाई दिगो बनाइनेछ ।

५.३.४. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षालाई सत प्रतिशत कार्यान्वयन गर्न वार्षिक व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी दर्ता शिविरको आयोजन गरिनेछ ।

५.३.५. अनलाईन घटना दर्ता तथा सामाजिक सुरक्षाको बारेमा १४ वटै वडाका स्थानीय पञ्जीकाधिकारीहरुसँग पुनःताजगी तालिम सञ्चालन गरिनेछ ।

५.३.६. बैंक सम्म आई भत्ता बुझ्न नसक्ने फरक क्षमता भएको व्यक्ति तथा ९० वर्ष भन्दा माथिका जेष्ठ नागरिकलाई बैंकसँग भएको सम्झौता बमोजिम घरदैलो सेवा प्रवाहलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

## ५.४. राजश्व परिचालन

५.४.१. करको दायरा बढाई आन्तरिक आयलाई वृद्धि गरी संस्थागत क्षमता बढाईनेछ ।

५.४.२. करदाता शिक्षा कार्यक्रम लाई निरन्तरता दिइनेछ।

५.४.३. टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धि गरी कर संकलन र सूचना प्राप्त गर्ने परिपाटी विकास गर्दै लगिनेछ। ठूला करदाताको छुट्टै Database तयार गरिनेछ।

५.४.४. स्थानीय सरकार ऐन, २०७४ र नियमावली २०७५ तथा अन्य प्रचलित ऐन नियमहरुको परिधिभित्र रही नगरस्तरीय राजश्व परामर्श समितिको सिफारिसमा आन्तरिक कर, शुल्क र दस्तुर आदि नगरसभाबाट स्वीकृत गरी चालु वर्ष देखि नै लागू गरिनेछ।

५.४.५. नगरको उत्कृष्ट करदातालाई सम्मान गर्दै "मेरो योगदान मेरै नगरको लागि" भन्ने नारा सहित कर संकलन अभियान चलाईनेछ।

५.४.६. प्रत्येक वडामा अनलाईन विलिङ्ग मार्फत कर तथा दस्तुर संकलनको व्यवस्था मिलाईनेछ।

५.४.७. वडाहरुलाई कर दस्तुर संकलनमा प्रतिस्पर्धा गराई उत्कृष्ट वडालाई पुरस्कृत गरिनेछ।

५.४.८. उद्योग वाणिज्य संघसँग सहकार्य गरी व्यवसाय दर्ता अभियान सञ्चालन गरिनेछ।

**५.५. स्थानीय मेलमिलाप**

५.५.१. प्रत्येक वडामा स्थापना भएको मेलमिलाप केन्द्रको क्षमता विकास गरी सामान्य प्रकृतिका विवादहरुलाई मेलमिलापको माध्यमबाट वडामै सामाधान गरिनेछ।

५.५.२. घरेलु हिँसामा परेका महिला, वालवालिका, ज्येष्ठ नगरिक तथा विपन्न वर्गका नागरिकले न्यायिक समितिमा फिराद (निवेदन) दर्ता गर्दा शुल्क र अन्य कानूनी साहयता निःशुल्क गरिनेछ।

५.५.३. न्यायिक समितिबाट प्रदान गरिने सेवाहरु छिटो छरितो गर्न डिजिटलाइजेसन गरिने छ।

५.५.४. नगरको न्यायिक समिति समक्ष पेश भएको निवेदनको कारवाही किनारा गर्दा सम्भव भए सम्म मेलमिलापको माध्यमबाट दुवै पक्षको सर्वसहमतिमा मेलमिलाप गराईनेछ।

५.५.५. न्यायमा सबै जनताको पहूँच सुनिश्चितताको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

**सभाध्यक्ष ज्यू**

अब म आर्थिक वर्ष २०७९/८० को यथार्थ आय र ज्येष्ठ मसान्त सम्मको खर्चको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. २०७९/८० मा यस नगरपालिकाले आन्तरिक स्रोत तर्फ ज्येष्ठ मसान्त सम्म रु २ करोड ६८ लाख ३२ हजार ५ सय ५६ रुपैया ३९ पैंसा राजस्व संकलन गरेको छ र अ.ल्या तर्फ रु. ४ करोड ४१ लाख २० हजार ८ सय २८ रुपैया ७९ पैसा बाँकी रहेको थियो भने असार मसान्तसम्ममा रु. ३ करोड ८३ लाख ६० हजार संकलन गर्ने लक्ष्य राखेको थियो ।

आ.व २०७९/८० को ज्येष्ठ मसान्तसम्म व्यय तर्फको आन्तरिक स्रोत तर्फ (अ.ल्या.) ३ करोड ७० लाख ९४ हजार ७ सय ०८ रुपैया २३ पैसा, सर्शत अनुदान तर्फ ३० करोड ६ लाख ८ हजार १ सय १७ रुपैंया ६१ पैसा, गरिबसँग विश्वेश्वर कार्यक्रम तर्फ १ लाख ५० हजार, प्रदेश सरकारको सशर्त अनुदान तर्फ २२ लाख ९३ हजार ३ सय ९१ रुपैया, प्रदेश समानीकरण तर्फ ४० लाख २७ हजार ५ सय ८४ रुपैंया, प्रदेशको राजस्व बाँडफाँड तर्फ ८३ लाख १४ हजार ८ सय ९५ रुपैया, प्रदेश समपुरक अनुदान तर्फ २१ लाख ९ हजार १ सय ९१ रुपैया, संघीय वित्तीय समानीकरण तर्फ ८ करोड ७६ लाख ७५ हजार २ सय ९९ रुपैया, संघीय राजश्व बाँडफाँड तर्फ ९ करोड ३४ लाख २० हजार ९ सय ७७ रुपैया ९३ पैसा र संघीय समपुरक अनुदान तर्फ ७२ लाख ८ हजार १ सय ८८ रुपैया रकम गरी जम्मा रु. ५४ करोड २९ लाख २ हजार ३ सय ५१ रुपैया ७७ पैसा हालसम्म खर्च भई सकेको व्यहोरा निवेदन गर्दछु ।

नेपालको संविधान २०७२ अनुरुप स्थानीय तहलाई प्राप्त हुने राजस्वमा विद्युतवाट प्राप्त हुने रोयल्टी विषयमा प्रदेश सरकार र केन्द्रीय सरकारसँग यस नगरपालिकाले पहल गरिरहेको व्यहोरा निवेदन गर्दछु ।

**सभा अध्यक्षज्यू,**

यस चालु आ .व. २०८० असार ९ गतेसम्म कुल बजेटको ८४.६१% बजेट मात्र प्राप्त भएको छ । हामीले प्राप्त भएको रकममा चालु तर्फ ७२.९० प्रतिशत र पुँजीगत तर्फ ५८ प्रतिशत गरी जम्मा ६९ प्रतिशत प्रगति प्राप्त गरी सकेको र बाँकी योजनाहरु समापनको अन्तिम चरणमा रहेका छन् । संघीय सरकारकै लक्ष्य अनुसारको राजश्व संकलन नभएको कारणले तोकिएको बजेट प्राप्त नहुने साथै अर्थ मन्त्रालयले अन्तिम चौमासिकको बितिय समानीकरण अन्तर्गतको ५० % बजेट नआउने पत्र पठाइसकेको तथा आन्तरिक राजश्व बाँटफाँटतर्फ पनि तोकिएको लक्ष्य अनुरुप राजश्व संकलन नभएकोले केहि योजनाहरु सम्पन्न गर्न नसकिने जानकारी पनि गराउन चाहन्छु । यसले गर्दा आगामी आर्थिक वर्षमा जिम्मेवारी सरेर भुक्तानी गर्नुपर्ने अनिवार्य दायित्वमा वृद्धि भएको यथार्थता पनि म अवगत गराउँदछु ।

**सभा अध्यक्षज्यू,**

अब म आगामी आ.व. २०८०/८१ को अनुमानित बजेट विवरण पेश गर्ने अनुमति चाहन्छु ।

आगामी आ.व. २०८०/८१ को आय तर्फ आन्तरिक आय तर्फ रु. ५ करोड ५५ लाख १८ हजार ५ सय, स्थानिय राजस्व बाडफाँड आय तर्फ रु. १ करोड ८७ लाख, संघीय वित्तीय

समानीकरण अनुदान रु. १० करोड ९७ लाख, प्रदेश वित्तीय समानीकरण अनुदान तर्फ रु. ६६ लाख ३४ हजार, संघीय सशर्त अनुदान तर्फ रु. ४२ करोड ७४ लाख, प्रदेश सशर्त अनुदान तर्फ रु ५१ लाख ६१ हजार, संघीय सरकार समपुरक अनुदान तर्फ रु. १ करोड ७५ लाख, प्रदेश समपुरक अनुदान तर्फ रु. १ करोड ३० लाख, संघीय राजस्व बाडफाँड तर्फ रु. १५ करोड ६० लाख ८९ हजार, प्रदेश राजस्व बाडफाँड तर्फ रु. २ करोड १३ लाख ७६ हजार रुपैया र संघीय विशेष अनुदान तर्फ रु. ७६ लाख गरी जम्मा अनुमानित आय रु. ८३ करोड ८६ लाख ७८ हजार ५ सय रुपैया मात्रको अनुमाति बजेट रहेको छ ।

यस नगरपालिकाको आगामी आर्थिक वर्षको कुल बजेट . ८३ करोड ८६ लाख ७८ हजार ५ सय रुपैया मध्ये सशर्त अनुदान तर्फ सङ्घ तथा प्रदेश सरकारले कार्यक्रम नै तोकेर रु. ४३ करोड २५ लाख ६१ हजार विनियोजन गरी पठाएको छ भने बाँकी ४० करोड ६१ लाख १७ हजार ५ सय रुपैयालाई विषयक्षेत्रगत रुपमा विनियोजन गरिएको छ । जसमा आर्थिक विकास क्षेत्रमा रु. १ करोड ४२ लाख, सामाजिक विकासको क्षेत्रमा रु. ४ करोड ८७ लाख ५० हजार, पूर्वाधार विकासमा रु. ७ करोड ४८ लाख त्यस्तै वन, वातावरण तथा विपद् व्यवस्थापको क्षेत्रमा रु. ६४ लाख र सुशासन तथा संस्थागत विकास क्षेत्रको लागि रु. २६ करोड १९ लाख ६७ हजार ५सय रुपैया बजेट विनियोजन गरिएको छ ।

विषयगत क्षेत्रको विनियोजन बजेट देहाय बमोजिमको तालिकामा पनि प्रस्तुत गरिएको छ ।

| क.सं. | विवरण | रकम | जम्मा विनियोजन रकम |
|---|---|---|---|
| १ | **सशर्त अनुदान तर्फ संघ तथा प्रदेश सरकारको कार्यक्रम** | | **त्रिचालीस करोड पचीस लाख एकसाठी हजार** |
| २ | **आर्थिक विकास क्षेत्र** | | **एक करोड बयालिस लाख** |
| २.१ | कृषि | १०,००,००० | दस लाख |
| २.२ | सिंचाई | ५०,००,००० | पचास लाख |
| २.३ | पशु विकास | १५,००,००० | पन्ध्र लाख |
| २.४ | पर्यटन | ६६,००,००० | छैसठी लाख |
| २.५ | सहकारी | १,००,००० | एक लाख |
| ३ | **सामाजिक विकास क्षेत्र** | | **चार करोड सतासी लाख पचास हजार** |
| ३.१ | शिक्षा | २,४७,००,००० | दुई करोड सठचालीस लाख |
| ३.२ | स्वास्थ्य | १,५४,००,००० | एक करोड चौवन्न लाख |

| | | | |
|---|---|---|---|
| ३.३ | खेलकुद | ४४,००,००० | चौवालिस लाख |
| ३.४ | लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण | ११,००,००० | एघार लाख |
| ३.५ | महिला बालबालिका | १५,००,००० | पन्ध्र लाख |
| ३.६ | अपाङ्गता भएका ब्यक्ति | १६,५०,००० | सोह्र लाख पचास हजार |
| **४** | **पूर्वाधार विकास क्षेत्र** | | **सात करोड अरचालीस लाख** |
| ४.१ | सडक तथा पुल | १,८०,००,००० | एक करोड असी लाख |
| ४.२ | भवन तथा सहरी विकास | ५,६८,००,००० | पाँच करोड अठ्सठ्ठी लाख |
| **५** | **वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र** | | **चौंसठी लाख** |
| ५.१ | भू तथा जलाधार संरक्षण | १४,००,००० | चौध लाख |
| ५.२ | विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन | ३५,००,००० | पैतीस लाख |
| ५.३ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | १५,००,००० | पन्ध्र लाख |
| **६** | **सुशासन तथा संस्थागत विकास क्षेत्र** | | **छब्बीस करोड उन्नाइस लाख सतसठ्ठी हजार पाँच सय** |
| ६.१ | सङ्गठन तथा मानव संशाधन | २०,००,००० | बीस लाख |
| ६.२ | संस्थागत क्षमता विकास | १५,००,००० | पन्ध्र लाख |
| ६.३ | नागरिक सन्तुष्टि सर्वेक्षण तथा सामाजिक उत्तरदायित्व | २३,००,००० | तेइस लाख |
| ६.४ | सेवा प्रवाह | ९,९८,०७,५०० | नौ करोड अन्ठानब्बे लाख सात हजार पाँच सय |
| ६.५ | सूचना प्रविधिको प्रयोग | १०,००,००० | दस लाख |
| ६.६ | अन्तर निकाय समन्वय | ६२,००,००० | बैसठी लाख |
| ६.७ | जिम्मेवार सरी आउने भुक्तानी | १,००,००,००० | एक करोड |
| ६.८ | जनतासँग मेयर कार्यक्रम | ८०,००,००० | अस्सी लाख |
| ६.९ | उपमेयर नगर विकास कार्यक्रम | ५०,००,००० | पचास लाख |
| ६.१० | जनप्रतिनिधि सेवा सुविधा- | १,२१,६०,००० | एक करोड एकाइस लाख साठी हजार |
| ६.११ | वडा कार्यालय सञ्चालन खर्च | २८,००,००० | अठ्ठाइस लाख |
| ६.१२ | वडागत कार्यक्रम | ११,१२,००,००० | एघार करोड बाह्र लाख |
| **जम्मा विनियोजित बजेट** | | | **त्रियासी करोड छयासी लाख अठ्हत्तर** |

| | |
|---|---|
| | हजार पाँच सय |

सभाध्यक्ष ज्यू

यस आर्थिक वर्षदेखि नगरपालिकाले नगर गौरवको आयोजनाको रुपमा केही आयोजना छनौट गरी बजेट रु ८२ लाख विनियोजन गरिएको छ । नगर गौरवको आयोजना नगरको पहिचान र आर्थिक समृद्धिसँग जोडिने आयोजनाहरु हुन् । यसलाई क्रमागत आयोजनाको रुपमा विकास गर्ने नीति लिइएको छ ।

| नगर गौरवको आयोजनाहरु | | | |
|---|---|---|---|
| क्रस | शिर्षक | रकम | कैफियत |
| १ | कटारी एकिकृत पार्क निर्माण आयोजना | १५००००० | नयाँ |
| २ | विज्ञान संकाय विस्तार कार्यक्रम | १५००००० | नयाँ |
| ३ | रमाइलो झरना प्रवर्द्धन आयोजना | ५००००० | नयाँ |
| ४ | ताराघारी महादेव गुफा विकास कार्यक्रम | ५००००० | नयाँ |
| ५ | कालीखोला सिमसार ड्याम निर्माण आयोजना | ५००००० | नयाँ |
| ६ | हरियाली पार्क निर्माण आयोजना | ४००००० | क्रमागत |
| ७ | सिमसार क्षेत्र विकास कार्यक्रम | ४००००० | क्रमागत |
| ८ | आदिवासी भवन निर्माण कार्यक्रम | ७००००० | क्रमागत |
| ९ | स्मृति वाटिका संरक्षण आयोजना | ४००००० | क्रमागत |
| १० | टाइगर फिल्ड (रंगशाला) प्यारापिट निर्माण आयोजना | १०००००० | क्रमागत |
| ११ | बुद्ध पार्क स्तुपा निर्माण आयोजना | ८००००० | क्रमागत |
| १२ | बेतीनी सामूदायिक पार्क निर्माण आयोजना | ० | क्रमागत समपुरक |
| १३ | मरुवा बेली वृज निर्माण आयोजना | ० | क्रमागत समपुरक |
| १४ | कटारी बसपार्क निर्माण | ० | TDF सँग |
| | जम्मा | ८२००००० | |

यसै गरी गतसालदेखि नै क्रमागत रुपमा काम भइरहेको साथै नयाँ समपूरक आयोजनाहरुको लागि पनि बजेट रु ५ करोड १ लाख ५० हजार विनियोजन गरिएको छ । समपूरक आयोजना संघीय सरकार, प्रदेश सरकार लगायत विभिन्न गैरसरकारी संस्थाहरुसँग साझेदारी गरेर कार्यन्वयन गरिने आयजनाहरु हुन् । यी आयोजनाहरु नगरको अनिवार्य दायित्वमा पर्ने आयोजनाहरु हुन् ।

समपुरक आयोजना (अनिवार्य दायित्व)

| क्र.स. | विषय तथा क्षेत्र | नगर सहभागिता (%) | बजेट |
|---|---|---|---|
| १ | संघ समपुरक अनुदान | ५० | २२५००००० |
| २ | प्रदेश समपुरक अनुदान | ३० | ३०००००० |
| ३ | साना सिचाई कार्यक्रम | २० | ५०००००० |
| ४ | पर्यटन मन्त्रालय साझेदारी | ३५ | २५००००० |
| ५ | जिल्ला समन्वय साझेदारी | ४० | ३०००००० |
| ६ | लघुउधम कार्यक्रम | ३० | ५००००० |
| ७ | CMC/ Safe House (ABC) | ७० | ३५००००० |
| ८ | ReMi साझेदारी | २० | १०००००० |
| ९ | अपागं रोकथाम कार्यक्रम (DPRP) | ३३ | १६५०००० |
| १० | सडक बोर्ड साझेदारी | ३० | २०००००० |
| ११ | नगर विकास कोष | २० | २५००००० |
| १२ | झोलुगे पुल | १० | ३०००००० |
| | जम्मा | | ५०१५०००० |

नगरको सबै बजेट तथा कार्यक्रम वडामा नै केन्द्रित हुने हो तथापि वडालाई छुट्टै कार्यक्रम तर्जुमा गर्न सिलिङ पठाउने परिपाटी रहिआएको छ । आगामी आर्थिक वर्षको लागि वडा कार्यालयमा माग अनुसार नै चालु आर्थिक वर्षमा भन्दा निकै बढी बजेट सिलिङ पठाइएको छ । वडाको लागि ११ करोड १२ लाख बजेट विनियोजन गरिएको छ ।

वडागत बजेट विनियोजन

| वडा | रकम |
|---|---|
| १ | ८०००००० असी लाख |
| २ | ७९००००० उनासी लाख |
| ३ | ८१००००० एकासी लाख |
| ४ | ८१००००० एकासी लाख |
| ५ | ८०००००० असी लाख |

| | |
|---|---|
| ६ | ७८०००००० अठहतर लाख |
| ७ | ७९०००००० उनासी लाख |
| ८ | ७८०००००० अठहतर लाख |
| ९ | ८००००००० असि लाख |
| १० | ८००००००० असी लाख |
| ११ | ७८०००००० अठहतर लाख |
| १२ | ७८०००००० अठहतर लाख |
| १३ | ८००००००० असी लाख |
| १४ | ८००००००० असी लाख |
| जम्मा | १११२०००००० एघार करोड बाह्र लाख |

आगामी आर्थिक वर्षको लागि आन्तरिक श्रोत चालु आर्थिक वर्ष भन्दा झन्डै डबल प्रक्षेपण गरिएको छ । आन्तरिक आम्दानी वृद्धि र संकलन नगरको सबै भन्दा ठूलो चुनौति रहेको छ । यसमा सबै जनप्रतिनिधि, कर्मचारी, राजनितिक दल, निजी क्षेत्र र नागरिकको सहयोग आवश्यक पर्दछ ।

सभाध्यक्ष ज्यू, कटारी न.पा.को आ.व. २०८०/८१ को लागि आर्थिक ऐन २०८० र विनियोजन ऐन २०८० छलफलको लागि सभा समक्ष पेश भैसकेको छ । पर्याप्त छलफल गरी सभाबाट पारित हुनेछ भन्ने आशा पनि लिएको छु ।

अन्त्यमा, यस कटारी नगरको ११ औ सभालाई सम्बोधन गर्न पाउँदा सभाध्यक्षज्यू, नगर सभाका सदस्यहरू, नगर सभालाई सफल बनाउन अहोरात्र काम गर्ने प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सबै कर्मचारीज्यूहरू प्रति कृतज्ञता ज्ञापन गर्दै धन्यवाद दिन चाहन्छु ।

"धन्यवाद"

उपप्रमुख
गीता खड्का
२०८०|०३|१०